# दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका

# स्थानीय राजपत्र

खण्डः ६ संख्याः १७ मितिः २७ पौष, २०८० साल

# भाग-२

## दिक्तेल रुपाकोट मझुवागढी नगरपालिकाद्वारा प्रकाशित

## दिक्तेल रुपाकोट मझुवागढी नगरपालिकाको कर्मचारीहरूको बढुवा तथा तह वृद्धि सम्बन्धी कार्यविधि (प्रथम संशोधन), २०८०

**प्रस्तावना :** कोशी प्रदेश सरकारबाट स्थानीय सरकारी सेवाको गठन, सञ्चालन र सेवाको शर्तहरु सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०८० मा भएको व्यवस्था बमोजिम बढुवा र तह वृद्धि सम्बन्धी कार्यलाई व्यवस्थित र पारदर्शी ढङ्गले कार्यान्वयन गर्न वाञ्छनीय भएकोले,

कोशी प्रदेश सरकारबाट स्थानीय सरकारी सेवाको गठन, सञ्चालन र सेवाको शर्तहरु सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०८० को दफा १५१ ले दिएको अधिकार प्रयोग गरी दिक्तेल रुपाकोट मझुवागढी नगरपालिकाले यो कार्यविधि बनाएको छ।

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "नगरपालिकाको कर्मचारीहरूको बढुवा तथा तह वृद्धि सम्बन्धी कार्यविधि (प्रथम संशोधन), २०८०" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त लागू हुनेछ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "ऐन" भन्नाले स्थानीय सरकारी सेवाको गठन, सञ्चालन र सेवाको शर्तहरु सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०८० सम्झनु पर्छ।

(ख) "कर्मचारी" भन्नाले कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम समायोजन भई आएका कर्मचारी, संघीय लोक सेवा आयोगबाट नगरपालिकामा सिफारिस भई नियुक्ति भएका कर्मचारी र प्रदेश लोकसेवा आयोगबाट सिफारिस भई नियुक्ति भएका दिक्तेल रुपाकोट मझुवागढी नगरपालिकाका शाखा र निकायहरूमा कार्यरत स्थायी कर्मचारी सम्झनु पर्छ।

(ग) "नगरपालिका" भन्नाले दिक्तेल रुपाकोट मझुवागढी नगरपालिकालाई सम्झनु पर्छ।

(घ) "प्रदेश" भन्नाले कोशी प्रदेशलाई सम्झनु पर्छ।

(ङ) "कार्यपालिका" भन्नाले दिक्तेल रुपाकोट मझुवागढी नगरपालिकाको नगर कार्यपालिकालाई सम्झनु पर्छ।

(च) "कार्यालय" भन्नाले कानून बमोजिम स्थापित नगरपालिका अन्तर्गतका सचिवालय, प्रतिष्ठान, वडा कार्यालय, स्वास्थ्य संस्थालाई सम्झनु पर्छ।

(छ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले दिक्तेल रुपाकोट मझुवागढी नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ।

(ज) "अख्तियारवाला" भन्नाले ऐनको दफा १५ बमोजिम स्थानीय सेवामा नियुक्ति, पदस्थापन र अवकाशको निर्णय गर्ने अधिकारी सम्झनु पर्छ।

(झ) "मन्त्रालय" भन्नाले प्रदेशको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय सम्झनु पर्छ।

**३. जेष्ठताको गणना:** कर्मचारीको तह वृद्धि र बढुवाका लागि ज्येष्ठताको गणना ऐनको दफा २६ अनुसार गरिनेछ।

**४. तह वृद्धि सम्बन्धी व्यवस्था:** (१) नियमित रुपमा स्थानीय सेवामा कार्यरत कर्मचारीको तह वृद्धि गर्दा तह वृद्धि हुने पदभन्दा एक तह मुनीको पदमा पाँच वर्षको सेवा अवधि पूरा भएका, पछिल्लो तीन बर्षको कार्यसम्पादन मूल्याङ्कनमा औषत नब्बे प्रतिशत अङ्क प्राप्त गरेका र देहाय बमोजिमको न्यूनतम शैक्षिक योग्यता हासिल गरेका कर्मचारीलाई देहाय बमोजिम सम्बन्धित सेवा, समूह वा उपसमूहभित्र तह वृद्धि गरिनेछः-

| क्र.स. | हालको तह | तह वृद्धि हुने तह | न्यूनतम शैक्षिक योग्यता | |
|---|---|---|---|---|
| | | | स्वास्थ्य सेवा बाहेकका अन्य स्थानीय सेवा | स्थानीय स्वास्थ्य सेवा |
| १ | पाँचौं | छैटौं | सेवा समूहसँग सम्बन्धित विषयमा न्यूनतम प्रवीणता प्रमाण पत्र तह वा कक्षा १२ उत्तीर्ण | स्वास्थ्य सेवामा संघीय कानूनले तोकेको न्यूनतम शैक्षिक योग्यता |
| २ | सातौं | आठौं | सेवा समूहसँग सम्बन्धित विषयमा कम्तीमा स्नातक तह उत्तीर्ण | स्वास्थ्य सेवामा संघीय कानूनले तोकेको न्यूनतम शैक्षिक योग्यता |
| ३ | नवौं | दशौं | सेवा समूहसँग सम्बन्धित विषयमा कम्तीमा स्नातक तह उत्तीर्ण | स्वास्थ्य सेवामा संघीय कानूनले तोकेको न्यूनतम शैक्षिक योग्यता |

(२) ऐनको दफा ८ (१३) बमोजिम चौथो तहका सहायक कम्प्युटर अपरेटर पदमा कार्यरत कर्मचारीको प्रमुख प्रशासकिय अधिकृतले तह बृद्धिको निर्णय गरी नियुक्ती दिनेछ।

(३) ऐनको दफा ४ को उपदफा (५) बमोजिम स्थानीय तहको सहायक चौथो र पाँचौ तहमा तथा सातौं र नवौं तहको पदमा समान पदमा समायोजन भई सोही पदमा कार्यरत रहेका हालसम्म तहवृद्धि नभएका कर्मचारीहरू सम्बन्धित पदमा यो ऐन जारी हुँदासम्म तीन वर्ष सेवा अवधि पुरा भएमा स्वतः एक तह बृद्धि हुनेछ। निजहरू जुनसुकै व्यहोराले अवकाश भएमा सो पद स्वतः खारेज भई तल्लो तहको पदमा पदपूर्ति गरिनेछ।

(४) ऐनको दफा ८ को उपदफा (१६) बमोजिम साविक स्थानीय निकायको स्वीकृत दरबन्दीमा अधिकृत छैठौं र आठौं तहको पदमा स्थायी नियुक्ती भई स्थानीय तहको सोही तहको पदमा काम काज गरिरहेका र निजामती सेवा बाहेकबाट समायोजन भई आएका र एक पटक पनि तह वृद्धि सुविधा नपाएका कर्मचारीलाई माथिल्लो तहका लागि आवश्यक पर्ने न्यूनतम शैक्षिक योग्यता पुगेको भएमा उपदफा (८) बमोजिमको समितिको सिफारिसको आधारमा अख्तियारवालाले एक पटकका लागि स्थानीय सरकारी सेवाको क्रमशः अधिकृत सातौं र नवौं तहमा बढुवा गरिनेछ। त्यसरी बढुवा हुँदा माथिल्लो तहको पद स्वतः सिर्जना भई तल्लो दरबन्दी खारेज हुनेछ।

(५) संघीय लोकसेवा आयोग र प्रदेश लोक सेवा आयोगबाट खुल्ला प्रतियोगितात्मक परिक्षाद्वारा स्थानीय सरकारी सेवाको छैटौं तहको पदमा सिफारीस भई नियुक्त भएका कर्मचारीहरूलाई एक पटकका लागि स्थानीय सरकारी सेवाको सातौं तहमा तह मिलान गरिनेछ।

(६) तह वृद्धि हुनका लागि यो कार्यविधि लागू भए पश्चात कार्यालयले बढुवा र तह वृद्धि हुने कर्मचारीको लागि अनुसुची - १ बमोजिमको ३० (तीस) दिने सूचना प्रकाशन गर्नेछ।

(७) तह वृद्धि हुने कर्मचारीले उपदफा (६) बमोजिम सूचनाको म्यादभित्र देहायका कागजातहरु संलग्न गरी अनुसूची -२ बमोजिम आबेदन पेश गर्नुपर्नेछ ।

(क) सेवा अवधि पुष्टि गर्ने नियुक्ति पत्र,

(ख) संघीय लोकसेवा आयोगबाट स्थानीय तहको छैटौं तहमा सिफारिस भएको भए उक्त सिफारिस पत्र र नियुक्ति पत्र,

(ग) समायोजन भएका कर्मचारीको हकमा समायोजन भएको पत्र,

(घ) आवश्यक शैक्षिक योग्यताको प्रमाण पत्रहरु।

(८) उपदफा (७) बमोजिम पेश भएका निवेदन र कागजातको मूल्याङ्कन गरी तह वृद्धिको सिफारिस गर्न नगरपालिकामा देहाय बमोजिमको तह वृद्धि सिफारिस समिति रहनेछः

(क) प्रमुख प्रशासकीय अधिकृत - अध्यक्ष

(ख) कार्यपालिकाले तोकेको एक बरिष्ठ महिला कर्मचारी - सदस्य

(ग) कार्यपालिकाले तोकेको एक बरिष्ठ मध्येको कर्मचारी - सदस्य सचिब

(९) ऐनको दफा १५ (१) बमोजिम स्थानीय सरकारी सेवाको प्रमुख प्रशासकीय अधिकृत बाहेकका पदहरूमा नियुक्ती, पदस्थापन एवम् अवकाशको निर्णय कम्तीमा एक तह माथिको प्रमुख प्रशासकीय अधिकृतबाट हुनेछ। स्थानीय सरकारी सेवाको पदमा नियुक्त हुने पदभन्दा माथिल्लो तहको प्रमुख प्रशासकीय अधिकृत नभएमा उक्त निर्णय कार्यपालिकाबाट हुनेछ।

(१०)ऐनको दफा १५ (२) बमोजिम स्थानीय सरकारी सेवाको पदमा नियुक्तीको लागि सिफारिस भई सम्बन्धित स्थानीय तहमा गएका कर्मचारीहरूलाई नियुक्ती दिने अधिकारीले सिफारिस पत्र प्रदान गरिएको मितिबाट बाटोको म्याद बाहेक पन्ध्र दिनभित्र नियुक्ती दिनु पर्नेछ।

(११)उपदफा (१०) बमोजिम सिफारिस लिई आएको व्यक्तिलाई नियुक्ती दिने जिम्मेवारी भएको व्यक्ति वा पदाधिकारीले नियुक्ती दिन इन्कार वा ढिला

गरेमा त्यस्तो कर्मचारीलाई पर्न गएको क्षति त्यस्तो नियुक्ती दिनुपर्ने कर्मचारी वा पदाधिकारीको प्रचलित सेवा शर्त एवम् सुविधा सम्बन्धी कानूनले प्रदान गरेको सेवा सुविधाबाट भराइदिनु पर्नेछ।

(१२)तह वृद्धि गर्दा प्रत्येक आर्थिक वर्षको माघ र श्रावण महिनामा प्राप्त सिफारिसको आधारमा कार्यपालिकाको निर्णय बमोजिम प्रमुख प्रशासकीय अधिकृतले तह वृद्धिको निर्णय कार्यान्वयन गर्नु पर्नेछ। सो प्रयोजनको लागि कम्तीमा एक महिना अगावै वेभसाइट मार्फत सूचना प्रकाशन गर्नु पर्नेछ।

(१३) तह वृद्धि सम्बन्धी अन्य व्यवस्था ऐन बमोजिम हुनेछ।

**५. बढुवा सम्बन्धी व्यवस्थाः** (१) ऐनको दफा ८ को उपदफा (१) बमोजिम कार्यक्षमताको मूल्याङ्कन तथा ज्येष्ठता र कार्य सम्पादन मूल्याङ्कनद्वारा बढुवा हुने पदहरूमा बढुवाका लागि सम्भाव्य उम्मेदवार हुन सम्बन्धित सेवा, समूह वा उपसमूहको पदमा बढुवा हुन सम्भाव्य उम्मेदवार हुने तल्लो पदमा सेवाकालिन तालिम लिएका र पछिल्लो तीन वर्षको कार्यसम्पादन मूल्याङ्कनमा औषतमा कम्तीमा नब्बे प्रतिशत अङ्क प्राप्त गरेका र विज्ञापन हुँदा "दरखास्त दिने अन्तिम मितिसम्ममा देहाय बमोजिमको न्यूनतम सेवा अवधि र शैक्षिक योग्यता पुगेको हुनु पर्नेछ"।

| बढुवा हुने पद | बढुवा हुन लाग्ने सेवा अवधि | न्यूनतम शैक्षिक योग्यता | |
|---|---|---|---|
| | | स्वास्थ्य सेवा बाहेकका अन्य सेवा | स्थानीय स्वास्थ्य सेवा |
| अधिकृत एघारौं | अधिकृत दशौं तहमा कम्तीमा तीन वर्ष सेवा अवधि पूरा गरेको | सेवा समूहसँग सम्बन्धित विषयमा कम्तीमा स्नातकोत्तर तह उत्तीर्ण गरेको | स्वास्थ्य सेवा सम्बन्धी प्रचलित कानूनले तोकेको न्यूनतम शैक्षिक योग्यता |
| अधिकृत नवौं | अधिकृत आठौं | सेवा समूहसँग सम्बन्धित | स्वास्थ्य सेवा |

| बढुवा हुने पद | बढुवा हुन लाग्ने सेवा अवधि | न्यूनतम शैक्षिक योग्यता | |
|---|---|---|---|
| | | स्वास्थ्य सेवा बाहेकका अन्य सेवा | स्थानीय स्वास्थ्य सेवा |
| | तहमा कम्तीमा तीन वर्ष सेवा अवधि पूरा गरेको | विषयमा कम्तीमा स्नातक तह उत्तीर्ण | सम्बन्धी प्रचलित कानूनले तोकेको न्यूनतम शैक्षिक योग्यता |
| अधिकृत सातौं | अधिकृत छैटौं तहमा कम्तीमा तीन वर्ष सेवा अवधि पूरा गरेको | सेवा समूहसँग सम्बन्धित विषयमा कम्तीमा प्रविणता प्रमाण पत्र तह वा कक्षा १२ वा सो सरह उत्तीर्ण | स्वास्थ्य सेवा सम्बन्धी प्रचलित कानूनले तोकेको न्यूनतम शैक्षिक योग्यता |
| सहायक पाँचौं | सहायक चौथो तहमा कम्तीमा तीन वर्ष सेवा अवधि पूरा गरेको | सेवा समूहसँग सम्बन्धित विषयमा कम्तीमा एस.ई.ई. वा सो सरह उत्तीर्ण | स्वास्थ्य सेवा सम्बन्धी प्रचलित कानूनले तोकेको न्यूनतम शैक्षिक योग्यता |
| सहायक चौथो | कार्यालय सहयोगी पदमा कम्तीमा तीन वर्ष सेवा अवधि पूरा गरेको | कम्तीमा एस.ई.ई. वा सो सरह उत्तीर्ण गरेको | - |

**६. बढुवाको लागि सम्भाव्य उम्मेदवार हुन नपाउने वा तह वृद्धि रोक्का हुनेः** यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा देहायको अवधिभर बढुवाको लागि सम्भाव्य उम्मेदवार हुन पाउने छैन र उक्त अवधिभर निजको तह वृद्धि समेत रोक्का गरिनेछः-

(क) निलम्बन भएकोमा निलम्बन भएको अवधिभर,

(ख) तह वृद्धि वा बढुवा रोक्का भएकोमा तह वृद्धि वा बढुवा रोक्का भएको अवधिभर,

(ग) तलब वृद्धि वा बढुवा रोक्का भएकोमा तलब वृद्धि वा बढुवा रोक्का भएको अवधिभर,

(घ) ऐनको दफा ४१ बमोजिम सेवा वा समूह परिवर्तन गरेको कर्मचारी भए त्यसरी सेवा वा समूह परिवर्तन भएको मितिले तीन वर्षको अवधिभर।

(ङ) असाधारण विदा वा अध्ययन विदामा बसेकोमा सो विदाको अवधिभर,

(च) स्थानीय स्वास्थ्य सेवाको कर्मचारीको हकमा प्रचलित कानून बमोजिम गठन भएको स्वास्थ्य सम्बन्धी व्यवसायिक परिषद्मा नाम दर्ता निलम्बन भएको भए त्यस्तो निलम्बनको अवधिभर।

**७. नियुक्ती दिनुपर्नेः** यस कार्यविधि बमोजिम बढुवा वा तह वृद्धि हुने कर्मचारीलाई अख्तियारवालाले अनुसूची-३ बमोजिमको ढाँचामा नियुक्ती पत्र दिनेछ।

**८. जेष्ठता कायमः** तह बृद्धि तथा बढुवा हुने कर्मचारीको ऐनको दफा २६ बमोजिम जेष्ठता कायम हुनेछ।

**९. कामकाजमा खटिएका कर्मचारी सम्बन्धी व्यवस्थाः** कोशी प्रदेश बाहिर कामकाजमा खटिएका तर नगरपालिकामा दरबन्दी भएका कर्मचारीको नगरपालिकामा तह बृद्धि हुनेछ। अन्य स्थानीय तहबाट नगरपालिकामा काजमा रहेका कर्मचारीको हकमा दरवन्दि/पदाधिकार रहेको स्थानीय तहमा तह बृद्धि हुनेछ।

**१०. उजुरी वा गुनासोः** तह बृद्धि वा बढुवाको निर्णय उपर चित्त नबुझेमा सिफारिस समितिले सिफारिस गरेको मितिले एक्काइस दिनभित्र प्रदेश लोक सेवा आयोगमा उजुरी दिन सक्नेछ।

**११. जानकारी दिनु पर्नेः** यस कार्यविधि बमोजिम गरेको बढुवा र तह वृद्धिको जानकारी निर्णय भएको मितिले पन्ध्र दिनभित्र मन्त्रालय, प्रदेश किताबखाना र प्रदेश लोकसेवा आयोगलाई दिनु पर्नेछ।

**१२. बाधा अड्काउ फुकाउन सक्नेः** यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा उत्पन्न भएमा प्रदेश लोकसेवा आयोगको परामर्शमा नगर कार्यपालिकाले निर्णय गरी त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ।

**१३. प्रचलित कानून बमोजिम हुनेः** यस कार्यविधिमा उल्लेख भएको विषयमा यसै कार्यविधि बमोजिम र अन्य विषयमा प्रचलित कानून बमोजिम हुनेछ।

**अनुसूची-१**
**दफा ४ को उपदफा (६) सँग सम्बन्धित**

दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
दिक्तेल, खोटाङ

मितिः....................

तह वृद्धि सम्बन्धी सूचना।

सूचना नं.

कोशी प्रदेशको स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० बमोजिम स्थानीय सेवामा कार्यरत नगरपालिकाको कर्मचारीहरुको तह वृद्धि सम्बन्धी कार्यबिधि, २०८० को दफा ४ बमोजिम न्यूनतम योग्यता पुगेका कर्मचारीहरुको तह वृद्धिको लागि एक महिनाको म्याद दिई सूचना प्रकाशित गरिएको छ। तोकिए बमोजिमको आवश्यक कागजातहरू संलग्न राखी तह वृद्धिका लागि अनुसूची-२ बमोजिमको आवेदन फारम भरी २०... साल ... महिना... गतेभित्र आदेवन फारम दर्ता गराउनु हुन अनुरोध छ। समयसीमाभित्र आवेदन दर्ता नभएमा कार्यालय जवाफदेही नहुने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराइन्छ।

**<u>संलग्न गर्नुपर्ने कागजातः</u>**

१. अवधि पुष्टि हुने नियुक्ति प्रत्र,
२. समायोजन भएका कर्मचारीको हकमा समायोजन भएको पत्र,
३. कामकाज सरुवामा रहका कर्मचारीको हकमा नियुक्ति पत्र तथा कामकाज सरुवाको पत्र,
४. न्यूनतम शैक्षिक योग्यताको प्रमाण-पत्र ।

..........................
प्रमुख प्रशासकीय अधिकृत

| कार्यालय दर्ता नं.<br>मितिः |
|---|

## अनुसूची – २
**दफा ४ उपदफा (७) सँग सम्बन्धित**
दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका
**नगर कार्यपालिकाको कार्यालय**
**दिक्तेल, खोटाङ**
**(तहवृद्धि आवेदन फारम)**

| उम्मेदवारको हालसालै खिचेको पासपोर्ट साइजको फोटो |
|---|

१. सूचनाको विवरण

| | |
|---|---|
| तह वृद्धिको सूचना नम्बरः........................... | मितिः..................... |
| सेवा/ समुहः.................................. | तह वृद्धि हुने तहः ............... |

२. उम्मेदवारको विवरणः

उम्मेद्वारको नाम, थर(देवनागरीमा): ......................................................

उम्मेद्वारको नाम, थर(अंग्रेजीमा):............................ ठेगाना: .....................

बहाल रहेको कार्यालयः.................................................

बजेको नामः..............................................................

बाबुको नामः..............................................................

आमाको नामः ..........................................................

सेवाः............................. समूह/ उपसमूहः .....................................

पदः............................. तह ................................................

नागरिकता प्रमाण पत्र नं.:........................ कर्मचारी संकेत नं.:.....................

जारी जिल्ला: ......................... मोबाईल नम्बरः..................................

३. सेवाको विवरण (शुरुदेखि हालसम्मको)

| क्र.सं. | सेवा/समूह/उपसमूह | कार्यालयको नाम | नियुक्ति वा बढुवा मिति | बहाल रहेको मिति | | असाधारण विदा बसेको भए सोको अवधि | | अध्ययन बिदा बसेको भए सोको अवधि | | कसरी आएको (खुल्ला, बढुवा, समायोजन/ सरुवा) | स्थायी नियुक्ति गर्ने कार्यालय | कै. |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | देखि | सम्म | देखि | सम्म | देखि | सम्म | | | |
| | | | | | | | | | | | | |

४. हालको तह (समायोजना हुनु भन्दा पहिलाको समेत) मा तह वृद्धिको लागि निवेदन दिन पाउने अन्तिम मितिमा पुग्ने अवधि ..........................वर्ष,.............महिना, ....................दिन

५. तह वृद्धिको लागि योग्य भए/नभएको अवस्थाः

क. विभागीय कारवाही भएको/ नभएको: .......................
भएको भए कुन कारवाही भएको हो, सकिने अवधि उल्लेख गर्नु होस: ................................

ख. ऐनको दफा २८ बमोजिमको तह वृद्धि हुने पदका लागि आवश्यक न्यूनतम शैक्षिक योग्यता हासिल गरेको/ नगरेको:...........................................................

ग. असाधारण विदा बसेको/ नबसेको:...............................................

घ. निलम्बन परेको/ नपरेको:..........................................

ङ. पेशासँग सम्बन्धित व्यवसायी परिषदको प्रमणपत्र अवधि: ...................................

च. सेवा वा समूह परिवर्तन गरे/ नगरेको (गरेको भए मिति उल्लेख गर्ने): ........................................

६. माथि उल्लेखित विवरण ठीक छ । झुट्टा ठहरे कानून बमोजिम सहुँला/ बुझाउँला भनी सही छाप गर्ने ।

कर्मचारीको नाम, थर:............................................

संकेत नं.:....................................................

पद:.........................................................

तह .........................................................

सही र मिति :...............................................

| **ल्याप्चे सही छाप** | |
|---|---|
| दाँया | बाँया |
| | |

## तह वृद्धिको निर्णय (कार्यालयको प्रयोजनका लागि)

क. आवेदक कर्मचारीको समायोजन हुनु पूर्व र समायोजन पश्चात गरी हालको तहमा पूरा गरेको सेवा अवधि

समायोजन पूर्व ......................................वर्ष, ........................महिना, ....................दिन

समायोजन पश्चात ......................................वर्ष, ........................महिना, ....................दिन

जम्मा सेवा अवधि ................................. वर्ष, ......................... महिना, .................... दिन

ख. आवेदक कर्मचारीको पछिल्लो तीन वर्षको कार्य सम्पादन मूल्याङ्कन बापत प्राप्त गरेको अंक र सोको औषत:

अ. आ.व.:......................./......................... को प्राप्ताङ्क ...............................................

आ. आ.व.:......................./......................... को प्राप्ताङ्क ...............................................

इ. आ.व.:......................./......................... को प्राप्ताङ्क ...............................................

औषत प्राप्ताङ्क: .............................................................

ग. स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा २८ को उपदफा (१) तथा कार्यविधिको दफा ४ बमोजिमको न्यूनतम योग्यता पूरा गरेको देखिएकोले निजलाई हाल कार्यरत तहबाट समान सेवा, समूह, उपसमूहमा रहने गरी एक तह वृद्धि गर्ने निर्णय गरिएको छ।

निर्णय मिति: ............................................. तह वृद्धि निर्णय लागू हुने मिति: ............................

वृद्धि हुने तह : ...................................... सेवा: ..............................................................

समूह/उपसमूह: .......................................... पद: ................................................................

सदस्य सदस्य

संयोजक

हस्ताक्षर - ................... हस्ताक्षर - ...................

हस्ताक्षर - ...................

नाम, थर नाम, थर

नाम, थर

संकेत नं. संकेत नं.

संकेत नं.

मिति - मिति -

मिति -

**(कार्यालयको छाप)**

**अनुसूची - ३**
**दफा ७ सँग सम्बन्धित**
**(लेटर हेड)**

**मितिः-..........।.......।.....**

**विषयः-** तह वृद्धि गरिएको सम्वन्धमा।

**महोदय,**

तपाईलाई कोशी प्रदेशको स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० र दिक्तेल रुपाकोट मझुवागढी नगरपालिकाको कर्मचारीहरूको बढुवा तथा तह वृद्धि सम्बन्धी कार्यविधि, २०८० को दफा ४ बमोजिम मिति ............... गतेको निर्णयानुसार दफा ८ बमोजिम जेष्ठता कायम हुने गरी ............................ तहमा तह वृद्धि गरिएको छ।

अधिकृतस्तर/सहायकस्तर ........ तहमा तह वृद्धि हुनुभएकोमा हार्दिक बधाई तथा शुभकामना दिंदै तपाईलाई प्राप्त जिम्मेवारी राष्ट्र, जनता र सरकारप्रति कर्तब्यनिष्ठ भई प्रचलित ऐन, कानूनको परिधिभित्र रहेर पारदर्शी, निष्पक्ष, अनुशासित भई सकारात्मक सोच र उर्जाका साथ कार्य सम्पादन गर्नु हुनेछ भन्ने अपेक्षा लिएको छु।

**तपसिलः**

| साविक सेवा, समूह, तह | तह कायम गरिएको सेवा, समूह, तह |
|---|---|
| सेवाः- | सेवाः- |
| समूहः | समूहः- |
| पद/पदनामः | पद/पदनामः- |
| सो पदमा नियुक्ति मितिः- | तहः- |
| समायोजन पदः- | पदस्थापन गरिएको कार्यालयः- दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, दिक्तेल, खोटाङ। |
| समायोजन मितिः- | |
| कार्यालयः- दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, दिक्तेल, खोटाङ। | |

**श्री ..................**
कर्मचारी संकेत नं.

............................
प्रमुख प्रशासकीय अधिकृत

**बोधार्थ-:**

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार, काठमाण्डौ।

श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कोशी प्रदेश, बिराटनगर।

श्री लोक सेवा आयोग, केन्द्रीय कार्यालय, अनामनगर काठमाण्डौ।

श्री प्रदेश लोकसेवा आयोग, कोशी प्रदेश, बिराटनगर।

श्री राष्ट्रिय कितावखाना(निजामति), हरिहरभवन, ललितपुर।

श्री प्रदेश कितावखाना, कोशी प्रदेश, बिराटनगर।

श्री कर्मचारी संचयकोष, काठमाण्डौ/बिराटनगर।

श्री नागरिक लगानी कोष, नयाँ बानेश्वर, काठमाण्डौ।

श्री कोष तथा लेखा नियन्त्रक कार्यालय, खोटाङ।

श्री आर्थिक प्रशासन शाखा, दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, दिक्तेल, खोटाङ।

**प्रमाणीकरण मितिः २०८०।०९।२७**

**आज्ञाले,**

**दिनेश कुमार राई**

**प्रमुख प्रशासकीय अधिकृत**